नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# सत्ती भन्सार कार्यालय

टीकापुर, कैलाली

पत्र.सं. :२०८३/०८४

च.नं. :

मितिः-२०८३/०६/०९

**भन्सार नियमावली, २०८३ को नियम ८६(७) बमोजिम लिलाम बिक्री गर्ने सम्बन्धी सूचना ७(सात) दिने सूचना**

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०६/०९ गते**

यस कार्यालयमा चोरी पैठारी/निकासीको अभियोगमा दाखिला हुन आएका तपसिल बमोजिमका मुद्दामा रहेका मालवस्तुहरु जस्तो अवस्थामा छन् सोही अवस्थामा मिति २०८३/०६/१५ गते विहिवारका दिन समय दिनको १४:०० बजे देखी १५:३० बजे सम्म यस कार्यालयको परिसरमा भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली, २०८३ को नियम ८६(७) बमोजिम खुला बोलकबोलबाट लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो ७(सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। मालवस्तु लिलाम बोलकबोल हुँदा कवोल रकमको दश प्रतिशतले हुने रकम नगदै यस कार्यालयमा धरौटीका रुपमा दाखिला गर्नु पर्नेछ। व्यापारिक प्रयोजनका मालवस्तु मूल्य अभिवृद्धि कर लाग्ने मालवस्तु मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले मात्र कबोल गर्न पाउनेछ। सबैभन्दा बढी कबोल गर्नेको लिलाम स्वीकृत हुनेछ। लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। लिलाम सकार गर्ने व्यक्तिले कबोल अंक र नियामानुसार लाग्ने मू.अ.कर सहित सम्पूर्ण कर रकम सात दिन भित्र बुझाई मालवस्तु उठाई लैजानु पर्नेछ। मालवस्तु विक्री वितरण गर्न कुनै ईजाजत चाहिने रहेछ भने ईजाजतवाला फर्मलाई मात्रै मालवस्तु लिलाम गरिने छ। लिलामबाट लगेका मालबस्तु नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्नेको हकमा लिलाम सकारकर्ताले आफ्नै खर्चमा सम्बन्धित निकायवाट परीक्षण गराई उपभोग योग्य भएमा मात्र उक्त मालवस्तु बिक्री वितरण/उपभोग गर्नुपर्नेछ। अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

तपसिलः-

| सि.नं | मुद्दा नं. | दर्ता मिति | दाखिला भएका मालवस्तुहरु | प्रतिवेदन मूल्य |
|---|---|---|---|---|
| १. | ३० | २०८३/०४/३१ | लेडिज दुपट्टा २४ थान बच्चाको कृष्ण सुट २० थान झुल ४ थान गम्छा ७७ थान धोती मर्दना २ थान राधेराधे खादा माला २४ थान लेडिज कुर्ति ८५ थान लेडिज सुट २८ थान सारीमा प्रयोग हुने कडाइ १२ थान सुपरगोल्ड लेस ५० थान जरि ६ थान सुटको कडाइ १५ पाकेट सितरा २ पाकेट माला ३८ थान | २६०३० |
| २. | ५३ | २०८३/०५/१८ | साईकल ट्युब २ थान बाईकको ट्युव १ थान ए आर वि २ पाकेट रंग २ वटा रिङ्ग १ पाकेट खाकसी १ रोल टायर रिपिएर पार्टस ६ रोल रिङ्ग क्लिप ८ पिस | ५६६० |
| ३. | ५४ | २०८३/०५/१८ | ठुलो भिरा ५ पिस सानो भिरा ५ पिस किला १ पाकेट बाईक रिङ्ग १ पाकेट वेन्डेरेक्स २ पिस कलज तार ४६ पिस चेन स्प्रे ८ पिस आईल फिल्टर २० पिस फ्लेन्ज ९ पिस बेरिङ्ग १ पाकेट लाईट ५ पिस फ्लेन्ज ९ पिस पाईप पाकेट तेल पोलिस १ थान ड्रम रबर १६ पिस | ९१३५ |
| ४. | ५६ | २०८३/०५/२२ | स्टील कराई १३ पिस स्टील कचौरा २५४ पिस ऐना ५ पिस साबुदानी २५ पिस डसप्याड ४० पिस चियाछान्नी ६० पिस बेलुन ३ पाकेट आलु छिल्लर १२ पिस चाल्नो ८८ पिस बिन्दिया ३० पाकेट कपडा धुने ब्रस १६ पिस किलिप ३६ पिस लेवेन्डी ३० जोर कानको टप १३ पाकेट सानो काटा ३ पाकेट काटा १८ दर्जन रबर १ पाकेट खेलौना गाडी १९ पिस टोकरी ८६ पिस | ३०२६० |
| ५. | ५७ | २०८३/०५/२२ | फेस वास ११० पिस गोल्ड फेस किट २ सेट हेयर मुभर ७८ पिस | ५२७१० |

ना.वि.शर्मा
२०८३/६/९